# महालक्ष्मी विकास बैंक लि.को अठारौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को अठारौ बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युको अध्यक्षतामा २०७६ साल कार्तिक २९ गते शुक्रबार (तदअनुसार नोभेम्बर १५, २०१९) अल ईन वन मार्ट, काउन बेङक्वेट, मिनभवन, काडमाण्डौंमा बिहान १०:०० बजे शुरु भई दिनको १२ बजे सुसम्पन्न भयो । अठारौ बार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन ।

२. उपस्थिति

(क) सञ्चालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| श्री | राजेश उपाध्याय | अध्यक्ष |
| श्री | संजय गिरी | सञ्चालक |
| श्री | राजेश कुमार रौनीयार | सञ्चालक |
| श्री | श्याम सुन्दर रुंगटा | सञ्चालक |
| श्री | रुपेन्द्र पौडेल | सञ्चालक |
| श्री | राहुल अग्रवाल | सञ्चालक |

(ख) अन्य पदाधिकारी, नियमन निकायका प्रतिनिधिको उपस्थिति

| | |
|---|---|
| श्री कृष्णराज लामिछाने | प्रमुख कार्यकारी अधिकृत |
| श्री सोमराज पन्त | कम्पनी सचिव |
| श्री शसी सत्याल | लेखापरीक्षक टि.आर.उपाध्याय एण्ड कम्पनीको तर्फबाट |
| श्री रामचन्द्र पोखरेल | संस्थागत शेयरधनि प्रतिनिधि–कर्मचारी संचय कोष |

(ग) शेयरधनीहरुको उपस्थिति

१. उपस्थिति शेयरधनीहरुको संख्या : ४२३ जना
   (क) शेयरधनी स्वंमबाट : २८७ जना
   (ख) प्रतिनिधि (प्रोक्सी) बाट : १३६ जना
२. शेयरधनिहरुको उपस्थिति प्रतिशत : ०.६४२४ प्रतिशत
३. शेयरको प्रतिनिधित्व संख्या : १,६३,७५,६३० कित्ता
४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५७.५६९४ प्रतिशत अर्थात ४२३ जना

(घ) यस सभाको मिति २०७६/७/१९ सम्ममा शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ६५,८४१ मध्ये शेयरधनीहरु स्वंम २८७ तथा १३६ प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति रहेको थियो ।

३ साधारण सभामा छलफल भएका विषयहरु

सामान्य प्रस्ताव

(१) अध्यक्षज्यूको मन्तब्य सहित अठारौ वार्षिक साधारण सभा (आ.व.२०७५/७६) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष.२०७५/७६ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐनको दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०७६/७७ का लागि लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (T.R Upadhya & Co Chartered Accountants पुन नियुक्ती हुन योग्य हुनुहुन्छ )

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित रकमबाट शेयरधनीहरुलाई रु.२८,१४,५५,९११/–(अक्षरेपी अठ्ठाईस करोड चौध लाख पचपन्न हजार नौ सय एघार मात्र) (बोनश शेयर र लाभांसमा लाग्ने कर प्रयोजनार्थ समेत) अर्थात हालको चुक्ता पुँजीको ९.८९४७ प्रतिशतका दरले नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**विशेष प्रस्ताव**

(१) बैंकको संचालक समितिको निर्णय तथा ने.रा.बैंकको मिति २०७६/६/२ को स्वीकृत पत्र बमोजिम शेयर स्वामित्व परिवर्तन गरी संस्थापक समूहको ५२.४९ प्रतिशत र सर्वसाधारण समुहको ४७.५१ प्रतिशत कायम गर्ने प्रस्ताव पारित गर्ने (हाल संस्थापक शेयरधनीको स्वामीत्व ५३.९८ र सर्बसाधारण शेयरधनिको स्वामीत्व ४६.२ प्रतिशत कायम रहेको) सम्बन्धमा ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित रकमबाट शेयरधनीहरुलाई रु. २२,७५,६०,०९८/–(अक्षरेपी बाईस करोड पचहत्तर लाख साठी हजार अन्ठानब्बे मात्र) अर्थात चुक्ता पुँजीको ८ प्रतिशतका दरले बोनस शेयर जारी गर्ने र सो हद सम्म जारी र चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धमा ।

(३) सञ्चालक समितिको बैठक भत्ता,दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि,तथा थप गर्ने सम्बन्धमा ।

(४) शेयर स्वामित्व परिवर्तन हुने भएकाले प्रवन्धपत्रको दफा ५ (घ) (१) (२), दफा १२ र अन्य सम्वद्ध दफाहरु, वोनस शेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोहि बमोजिम प्रवन्धपत्रको दफा ५ (ख), (ग), र नियमावलीको नियम २९ (ख) को (ख) १,२,३, नियम २९ (घ) को (अ) (आ) (इ) (ई) र नियम ४३ संशोधन, थप, र परिमार्जन गर्ने सम्बन्धमा ।

(५) यस महालक्ष्मी बिकास बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक, वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने,सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition /Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(६) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(७) विविध

४. **सुचना प्रकाशन**

यस बैंकको संचालक समितिको मिति मिति २०७६/७/७ (तदअनुसार २४ अक्टोबर, २०१९) गते बसेको सञ्चालक समितिको ४४० औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम

कम्पनीको प्रतिवेदन सहितको वार्षिक साधारण सभाको सुचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www. mahalxmibank.com मा र मिति २०७६/७/८ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक तथा पुन : मिति २०७६/७/१७ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना प्रकाशित भएको थियो

५ **गणपुरक संख्या**

| बिवरण | कुल संख्या | स्वंयम उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनि संख्या | ६५,८४१ | २८७ | १३६ | ४२३ | ०.६४२४ |
| कम्पनीको शेयर संख्या | २,८४,४५,०१२.३ | ८,१२,८२३ | १,५५,६२,८०७ | १,६३,७५,६३० | ५७.५६९४ |

६. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ७३ (२) कम्पनीको नियमावलीको नियम (५) बमोजिम कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरवालाको प्रतिनिधित्व भै ३ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरूको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र कम्पनीको नियमावलीमा उल्लेख भए बमोजिम पुगेको ब्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भयो । साथै सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायले सभाको अध्यक्षता ग्रहण गरी कानूनत : आवश्यक प्रकृया पुरा भएकाले छलफलका बिषयसुचि अनुसार सभा सञ्चालन गर्न अनुरोध गर्नु भयो ।

**स्वागत मन्तब्य**

साधारण सभामा कम्पनीको तर्फबाट स्वागत मन्तब्य गर्दै प्रमुख कार्यकारी अधिकृत श्री कृष्णराज लामिछानेले प्रथम त्रैमास भित्र नै साधारण सभा गर्ने सोच बनाएका थियौ तर समयमानै पठाएको वासलात स्वीकृति ढिला हुन गएको कारण प्रथम त्रैमासमा सधारण सभा गर्न सकिएन । तथापी बिकास बैंक मध्येको साधारण सभा गर्ने महालक्ष्मी विकास बैंक पहिलो बन्न पुगेको छ । साधारण सभा सम्पन्न भए पछि छिटै नगद लाभांस शेयरधनीको खातामा जम्मा गर्नेछौ । NFRS को फरमेट अंग्रेजिमा हुदा हुदै पनि शेयरधनीहरुलाई पढन बुझ्न सजिलो होस भनी नेपालीमा राखेका छौ । बिगत २ बर्षमा ९ प्रतिशत, १५ प्रतिशत तथा यस बर्ष १७.८९४७ कर सहित लाभांस बितरण गर्न सक्षम भएका छौ । शेयरधनीबाट प्राप्त सल्लाह सुझाबले संस्थालाई हौसला बढाउने भएकाले उचित सल्लाह, सुझाव दिनु हुनेछ भन्ने बिश्वास लिएको छु । बैंकले समीक्षा अवधिमा वित्तीय क्षेत्र अन्तर्गत विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त मध्ये “सर्वोत्कृष्ट वार्षिक प्रतिवेदन २०१८” (National Best Presented Annual Report (BPA) Award 2018) जित्न सफल भएको छ । साथै, यस बैंकले South Asian Federation of Accountants (SAFA) Best Presented Annual Report Awards, Integrated Reporting Awards 2018 वित्तीय क्षेत्र अन्तर्गत Certificate of Merit प्राप्त गर्न सफल भएको जानकारी गराउदै यसको श्रेय बैंकका अध्यक्ष, सञ्चालकहरु, कर्मचारी बर्ग तथा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई जान्छ । आगामी बर्षमा उचित प्रतिफल दिने कोसिशमा लाग्ने छौ । अन्य बृस्तृत ब्यहोरा बार्षिक प्रतिबेदनमा उल्लेख गरेका छौ । शेयरधनिहरुले नदोहरीने गरी संक्षेपमा सल्लाह, सुझाव दिनुहुनेछ भन्ने बिश्वास लिदै पुन : हार्दिक स्वागत गर्दै आफनो मन्तब्य यहि समाप्त गर्दछु । धन्यबाद ।

७. **सभा सञ्चालन तथा प्रतिबेदन प्रस्तुति**

आज बसेको कम्पनीको अठारौ बाषिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तब्य सहित आ.व. २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल

आषाढ मसान्तको वासलात, तथा आ.ब.२०७५/७६ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, आर्थिक वर्ष २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, आ.व.२०७५/७६ को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ९.८९४७ प्रतिशत नगद लाभांश, र

बिशेष प्रस्तावमा सञ्चालक समितिको बैठक भत्ता तथा सुबिधा वृद्धि तथा थप, परिमार्जन, संस्थापक शेयर परिवर्तन गरी संस्थापक समूहको ५२.४९ प्रतिशत र सर्वसाधारण समुहको ४७.५१ प्रतिशत कायम गर्ने, ८ प्रतिशत बोनस शेयर, संस्थापक शेयर सर्बसाधारणमा परिणतका कारण शेयर स्वामित्व परिवर्तन हुने भएकाले प्रवन्धपत्रको दफाहरू तथा सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुबिधा बृद्धि, तथा थप हुने भएकाले नियमावलीको नियम संशोधन, थप, परिमार्जन गर्ने, Acquisition/ Merger, को प्रस्ताव लगायतका प्रस्ताव छलफलका लागी सभामा पेश भई सो उपर छलफलमा भाग लिन तथा यस कम्पनीको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

**अध्यक्षज्युको मन्तब्य र वार्षिक प्रतिवेदनको मुख्य बुदा निम्न बमोजिम रहेकोछ**

बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका वाबजुद यस बैंकले वित्तीय क्षेत्रमा एक सफल तथा फरक पहिचान बनाउन सक्षम भएको छ । यसका लागि आ-आफ्नो ठाँउबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, बैंकका कर्मचारीवर्ग, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

गत वर्षभैंm यस बैंकले आर्थिक वर्ष २०७५/७६ मा पनि खर्च र पूँजी दुवैको सफल व्यवस्थापन गर्दै आम्दानी वृद्धि गरेका कारण शेयरधनीहरुलाई उचित प्रतिफल दिन सक्षम भएका छौं । बैंकले गत बर्षको भन्दा २६.२८ प्रतिशतले मुनाफा बृद्धि गरी रु. ६५ करोड ७७ लाख ७३ हजार खुद मुनाफा आर्जन गरेकाले, आर्थिक बर्ष २०७५/७६ को मुनाफा तथा संचित रकमबाट ८ प्रतिशत बोनश शेयर तथा ९.८९४७ प्रतिशत नगद लाभांश (बोनश शेयर र लाभांसमा लाग्ने कर प्रयोजनार्थ समेत) को प्रस्ताव यसै वार्षिक साधारण सभामा गरेका छौं । ८ प्रतिशत बोनश शेयर जारी पश्चात बैंकको चुक्ता पूँजी ३,०७,२०,६१,३२८/– पुग्नेछ । आगामी दिनमा ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न आफ्ना सेवाहरुलाई अझै बिशिष्टीकरण गर्दै गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं । व्यावसाय बिस्तार गर्न शाखा सञ्जाल बिस्तार गर्नु पर्ने आवश्यकता महशुस गरी बैंकको शाखा सञ्जाल १०२ तथा कर्मचारी संख्या ८१५ पुग्न गएको छ । यसै क्रमलाई निरन्तरता दिँदै आगामी बर्ष बैंकको पहुच नपुगेको स्थानमा शाखा खोल्ने लक्ष्य रहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहान्छु ।

मानव संशाधनको विकासबाट नै बैंकले आफ्नो भिजन, मिसन र दीर्घकालिन रणनीतिक लक्ष्यहरु हासिल गर्न सम्भव हुन्छ । सोहि कुरालाई मनन् गर्दै बैंकले कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धि गरी, तालीम लगायतका बृत्ती विकास र समय सापेक्ष सेवा सुविधामा समेत बिशेष ध्यान दिदै आएको र भविष्यमा समेत निरन्तरता दिईनेछ । समीक्षा अवधिमा बैंकले कर्मचारीहरुलाई राष्ट्रियस्तर र अन्तरराष्ट्रियस्तरको तालिममा सहभागी गराएको छ । मानव संशाधनलाई चुस्त, दुरुस्त, प्रतिषपर्धी बनाउनका लागि HR कन्सलटेन्टबाट HR Audit गरी निजबाट प्राप्त प्रतिवेदन बमोजिम कार्य भैरहेको जानकारी गराउन चाहान्छु ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत समुदायहरुको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन गर्न योगदान गर्दै आइरहेका छौं । बैंकलाई सबल र विश्वसनीय बनाउने तर्फ आवश्यक प्रविधि, जोखिम

व्यवस्थापन, कर्मचारी व्यवस्थापन, संस्थागत सुशासन, सुदृढ एवं उत्कृष्ट सेवा सुविधाहरु आदिमा जोड दिनेछौं । बैंकले समीक्षा अवधिमा वित्तीय क्षेत्र अन्तर्गत विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त मध्ये "सर्वोत्कृष्ट वार्षिक प्रतिवेदन २०१८" (National Best Presented Annual Report (BPA) Award 2018) जित्न सफल भएको छ । साथै, यस बैंकले South Asian Federation of Accountants (SAFA) Best Presented Annual Report Awards, Integrated Reporting Awards 2018 वित्तीय क्षेत्र अन्तर्गत Certificate of Merit प्राप्त गर्न सफल भएको जानकारी गराउन चाहान्छु ।

बैंकले ग्राहककहरुलाई प्रदान गरीने सेवाको गुणस्तरमा बिशेष जोड दिँदै गुणस्तरीय सेवाहरु प्रदान गर्न आधुनिक प्रबिधिमा बिशेष ध्यान दिईनेछ । आधुनिक सूचना प्रविधिले नै बैंकलाई सवल बनाउने र सेवाको लागतमा कमी ल्याउछ । तर विगत केहि बर्ष देखि यस क्षेत्रमा जोखिम बढदै गईरहेकाले सूचना प्रविधिमा समय सापेक्ष परिमार्जन गरी सुरक्षा ब्यवस्थामा बिशेष सजगता अपनाउनु पर्ने देखिन्छ । यसै कुरालाई मनन गर्दे प्रबिधि क्षेत्रलाई अझै अत्याधुनिक तथा जोखिम मुक्त बनाउन यस क्षेत्रका दक्ष ब्यक्तिबाट पहिलो पटक IS Audit गरी निजबाट प्राप्त प्रतिवेदन बमोजिम कार्य भैरहेको जानकारी गराउन चाहान्छु ।

यस बैंकलाई स्पष्ट दिशा निर्देश गर्नका लागी हामीले Vision Mission, Objective निर्धारण गरी निरन्तरता दिएका छौं । बैकिंङ्ग क्षेत्रमा "THE MOST TRUSTED BANK" को रुपमा उभ्याउने हाम्रो Vision रहेको छ । बैंकले ग्राहक,कर्मचारी,लगानीकर्ता, लगायतका सरोकारवालाहरु तथा नियमन निकायले "THE MOST TRUSTED BANK" को अनुभुती गर्नका लागी आवश्यक निति, नियम बनाई कार्य गरीरहेका छौं । त्यस लक्ष्यलाई प्राप्त गर्नका लागि चार खम्बा *Innovation, Improvement, Corporate Governance* & Culture लाई बिशेष ध्यान दिईएको छ ।

आगामी दिनहरुमा सबैभन्दा उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्य लिएर अगाडि बढीरहेका छौं । आफ्नो उद्देश्यमा सफलता हसिल गर्न बैंकले ४ बर्षे (२०१८–२०२२) कार्ययोजना अङ्गीकार गरी सो बमोजिम कार्य गर्दै गैरहेका छौं । "सबल बैंक सफल सहकार्य" भन्ने नारालाई चरितार्थ बनाउन ४ बर्षे कार्य योजनाले अवश्य पनि सफल बनाउने विश्वास हामीले लिएका छौं । सर्वसाधारण जनताको कडा परिश्रमबाट सृजित निक्षेपको सही ढङ्गले परिचालन गर्न तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन संयमित हुँदै व्यवसाय संचालन गर्न हामी प्रतिवद्ध छौं । देशले आंगिकार गरेको UN को दिगो विकासको लक्ष्य २०१६–३० "Sustainable Development Goal 2016-30" लाई प्रोत्साहन तथा टेवा पुऱ्याउन सदैब प्रतिवद्ध रहेको जानकारी गराउन चाहान्छु ।

बैंकले हालसम्म हासिल गरेका उपलब्धिहरु तथा गतिविधिहरुका बारेमा संचालक समितिको वार्षिक प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ब्यहोरा जानकारी गराउदछु ।

८. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु**

यस कम्पनीको काम कारबाही, बार्षिक हरहिसाब, तथा बार्षिक प्रतिबेदनमा रहेका बिभिन्न बिषयहरुमा निम्न बमोजिमका शेयरधनीहरु कमश : (क) श्री ब्यास कुमार शर्मा (ख) श्री गुणराज भट्ट (ग) श्री ईन्द्रकृण्ण श्रेष्ठ (घ) श्री नरसिंह लाल चंखु (ङ) श्री चन्द्र नारायण श्रेष्ठ (च) श्री दिनेश श्रेष्ठ (छ)श्री कृष्ण अधिकारी काश्यप (ज) श्री डमरु बल्लभ घिमिरे (झ) श्री बैजुनाथ रौनीयार (ञ) श्री शिब प्रसाद शर्मा (ट) श्री अशोक उप्रेती (ठ) श्री रामचन्द्र पोखरेल (ड) श्री रामगोपाल महर्जन (ढ) गोगन बहादुर पराजुली (ण) श्री लवराज जोशी (त) श्री अरुणराज सुमार्गीले सभामा ब्यक्त राय, सल्लाह, सुझाव नदोहरीने गरी समष्टिगत रुपमा निम्न बमोजिम रहेको छ ।

बिगतमा संस्था जे जस्तो अवस्थामा भएपनि अहिले संस्था धेरै अगाडि बढेको छ । सफल बैंक सफल सहकार्यको नारालाई बैंकले सार्थक बनाएको छ । निष्कृय कर्जा अहिले बढेको नभई पहिले देखिको खराबलाई कमस : घटाउदै अहिलेको स्थितिमा आएको हो । बिकास बैंकमा राम्रो बिकास बनाउन सफल हुनु भएकोमा बैंक परिवारलाई धन्यबाद दिन चाहान्छौ ।

यस महालक्ष्मी विकास बैंकले "सर्वोत्कृष्ट वार्षिक प्रतिवेदन २०१८" BPA Award 2018 र SAFA Awards 2018 प्राप्त गर्न सफल भएकोमा बधाई छ । यसले बैंकको हरेक कृयाकलाप Transperancy छ भन्ने देखाउछ । बैंकमा संस्थागत सुशासन राम्रो भएको पाएका छौ । वार्षिक प्रतिबेदनमा वित्तीय बिबरण, NFRS REPORT को आधारमा राम्रो तरीकाले समेटीएको साथै नेपालीमा रहेकाले पढ्न बुझ्न सजिलो भएको छ ।

समग्रमा बैंकको Performance र Progress धेरै नै राम्रो रहेको र सबै Indicator सुधारात्मक र सकारात्मक देखिएको छ । Paid up, Reserve Surplus, Loan तथा Deposit को Portfolio राम्रो देखिएको छ । Operating Cost घटाउन सफल हुनु भएको छ । लगानी, निक्षेप दुबै बढेको छ । Investment Portfolio राम्रो देखिएको छ । Reserve बढाउन सफल भएको । संस्थागत निक्षेप कम रहेकोले जोखिमको समस्या कम देखिन्छ । Net Profit बढाउन सफल हुनु भएको छ । अन्य समकक्षी बैंक संगको तुलनामा यस बैंकको Performance धेरै राम्रो छ । समग्रमा बित्तीय बिबरण राम्रो रहेको छ । आगामी बर्षमा अझै प्रगति गर्न सफल हुनुहोस शुभकामना ।

बैंक पुरानो अवस्था पार गरी धेरै राम्रो अवस्थामा आईसकेको छ । प्रतिबेदन बर्षमा बैंकले ४२ वटा नया शाखा बिस्तार गरी शाखा संञ्चाल १०२ पुऱ्याएको छ । यसरी शाखा बृद्धि गरी ब्याबसाय समेत बृद्धि गर्ने लक्ष्य लिएको धेरै राम्रो छ । नया शाखा बिस्तार गर्दा शाखा न्युन लागतमा वनाउनु भएको छ धेरै राम्रो । अघिल्लो बर्षमा गरेको प्रतिबद्धता बमोजिम लाभांस दिन सक्नु भएकोमा धन्यबाद ।

प्रतिबेदन राम्रो छ । साधारण सभा कार्तिकमा नै गर्नु भएकोमा बधाई । आगामी बर्ष दशै अगावै सभा गर्न अनुरोध छ । महालक्ष्मी बैंक भए पछि मात्र शेयरधनीले हसिलो अनुहार बनाउन पाएका छन । संस्थागत सुशासनमा बैंकले धेरै प्रगति गरेको देखिन्छ । राम्रो कर्मचारीहरुलाई पुरस्कृत गरौ । बैंकको प्रगतिमा कर्मचारीहरुको अहम भुमिका हुन्छ तसर्थ कर्मचारीहरुलाई अन्य बैंक बित्तीय संस्था भन्दा ५ प्रतिशत बढि सेवा सुबिधाका साथै समयमा बढुवा गर्नुहोस जसका कारण सक्षम, अनुभवी, मेधावी कर्मचारीहरु संस्थामा रहिरहने बाताबरण बन्न जान्छ र संस्थाको समग्र Output समेत राम्रो देखिन्छ । फलस्वरुप शेयरधनीहरुले बढि भन्दा बढि प्रतिफल पाउन सक्छन ।

बिगत ३ बर्ष देखि लगातार शेयरधनीहरुलाई प्रतिफल पाएका छन । बिकास बैंकमा पहिलो साधारण सभा गर्ने बैंक र समयमा नै साधारण सभा गर्न सफल भएको छ । यसलाई आगामी बर्षहरुमा निरन्तरता दिदै जानुहोस । बिगत बर्षको भन्दा बढि प्रतिफल पाउन सक्षम भएका छौ । आगामी बर्ष २० देखि २५ प्रतिशत लाभासं बितरण गर्ने र नगद र शेयरको बराबर प्रस्ताब आओस भन्न चाहान्छौ ।

साधन श्रोतको संकलन होईन परिचालन गर्नु पर्छ त्यता तिर बिशेष ध्यान दिनु पर्छ, कर्जा लगानी गर्दा बिशेष साबधानी अपनाउनु पर्ने देखिन्छ । मुनाफा बितरण गर्दा बोनस शेयरलाई बढि प्राथमिकता दिने, निष्कृय कर्जा घटाउन सफल हुनुभएकोमा धन्यबाद दिदै १ प्रतिशत भन्दा कम NPA मा ल्याउन प्रयास गर्नुपर्ने देखिन्छ । Fraction Share लाई Round up गर्नु पर्ने, जलबिधुत कम्पनीमा लगानी गर्दा बिशेष सावधानी अपनाउनु पर्ने देखिन्छ । बैंकहरुमा Hacking को समस्या देखिएकाले उच्च प्रबिधि सहितको IT सिष्टमको राम्रो ब्यवस्था गर्ने । आई.टि क्षेत्रमा नया सिष्टम ल्याई ह्याकरबाट सुरक्षीत बनाउने ।

आन्तरीक तथा बाह्रय तालीम दिई संस्थामा उत्कृष्ट कर्मचारी छन भन्ने सन्देस दिन आवश्यक छ । सामाजीक उत्तरदायीत्व अन्तर्गत बैंकले गरेको कार्यकमको बिबरण प्रतिबेदनमा बृस्तृत रुपमा रकम सहितको स्पष्ट उल्लेख गर्नु पर्ने । सामाजिक उत्तरदायित्व अन्तर्गत पशुपती बृद्धाश्रम, मानब सेवा आश्रम हेटौडा बुटवल काठमाडौं, र पर्सा जिल्लाको बिभिन्न स्थानका दलित तथा बाढी पिडितलाई समेत सक्दो सहयोग गर्न अनुरोध गर्दछौ । सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्दा सकभर नगदमा भन्दा जिन्सीमा दिदा सरोकारवालाको हातमा पुग्छ त्यस तर्फ बिचार गरौ ।

Assets Quality मा सुधार गर्दै जानु पर्‍यो ।। कर्जा लगानी गर्दा बिपन्न बर्गलाई बिशेष ध्यान दिने, कर्जा अशुली तथा गैर बैंकिंग सम्पत्ती बिकी गर्न तिर बिशेष ध्यान जावोस । शाखाहरुको कार्यक्षमता बढाउन बिशेष पहल गर्नु पर्ने । HR Motivatation मा बिशेष जोड दिनु पर्ने । करार सेवामा रहेका कर्मचारीहरुलाई स्थाई गर्ने, १ जना महिला सञ्चालक नियुक्त गर्नु पर्ने, मर्जर वा एक्युजिसनमा जादा सक्षम तथा सबल बैंक तथा वित्तीय संस्था हेरेर मर्जरमा जान र मर्जर वा एक्युजिसनमा जादा बिशेष ध्यान तथा सावधानी अपनाई सक्षम बैंक तथा वित्तीय संस्था संग मर्जर तथा एक्युजिसनमा जाने । नगद लाभांस छिटो खातामा हाल्ने ब्यवस्था होस ।

अन्य बैंकहरुमा कर्जा लगानीमा सञ्चालक समितिका सदस्यहरुको हस्तक्षेप रहेको देखिएकाले यस बैंकमा त्यस्तो नहोस । कर्मचारीलाई शिष्टाचार सदाचार बन्न सिकाऔ । साधारण सभाको जानकारी SMS समेतबाट शेयरधनीहरुलाई दिने । शेयरधनीहरुको जिज्ञासाको सम्बोधन हुने गरी जबाफ पाँऊ । सबैलाई समेटी अगाढि बढौ । स्वतन्त्र संचालकको हाल सम्मपनि मनोनयन नभएकाले चाडै पदपुर्ति गरौ । सभाको सुचना लघुसन्देश समेतबाट होस । सञ्चालक समितिको प्रस्ताबित बैठक भत्ताले संस्थालाई ठुलो ब्ययभार पर्दैन तर पनि बैठक भत्तामा केहि पुनरावलोकन गरौ । पत्रपत्रीका बैंकले नै उपलब्ध गराए राम्रो हुने । बैठक भत्ताको सवालमा हाल पेश गरेको प्रस्तावलाई पुनरावलोकन गरी अध्यक्षको रु १३ हजार र सञ्चालकको रु.११ हजार गरौ । साधारण सभामा खिचिएका फोटोहरु वार्षिक प्रतिबेदनमा समबेश गर्न अनुरोध छ ।

गैर बैंकिग सम्पत्तीको बिबरणमा कर्जा लिने ब्यक्तिको ठेगाना भएमा शेयरधनीहरुले समेत अशुलीको लागी पहल गर्ने थिए । ने.रा.बैंकले दिएको सुझाव आगामी बर्ष एउटापनि नआओस । बैंकको भावी कार्यकमको श्लेगन धेरै राम्रो छ । बैंक भित्र आउने ग्राहक, शेयरधनी तथा सरोकारवालालाई मिठो मुस्कान सहितको स्वागत गरौ । सबै कर्मचारीलाई समान ब्यभार छ भन्ने Message जावोस । शेयर अभिलेखिकरण चाडै होस । बैंकको Performance राम्रो देखिएकाले आगामी बर्षहरुमा समेत यस्तै Performance दिदै जानुहोस । बैंकको मर्जरका साथै भाबी कार्यकम को योजना यस साभारण सभामा प्रस्तुत भएन । आगामी बर्षमा यसलाई बिशेष ध्यान दिईयोस । अहिलेको भन्दा बढि लाभांस दिन सफल हुनुहोस यहि शुभकामना ।

**अध्यक्षज्युको मन्तब्य सहितको जबाफ** :यस सम्बन्धमा शेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्युले शेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह सुझाव प्रति धन्यवाद दिदै प्राप्त सुझाव बमोजिम बैंक अगाढि बढने छ । शेयरधनिहरुबाट प्राप्त सल्लाह, सुझाव, तथा कर्मचारीहरुको मेहनतले बैंक प्रगति तर्फ अगाढि बढिरहेको छ । बैंक सुधारोन्मुख छ । शेयरधनीहरुको सम्पुर्ण सुझावहरुलाई बैंकले मार्गदर्शनको रुपमा लिनेछ । साधारण सभा शेयरधनीहरुका लागी महत्वपुर्ण Plateform भएकोले शेयधनी नै Stock holder हुन । संस्थाले अपनाएको Transperancy र Corporate Governance का कारण BPA Award 2018 र SAFA Awards 2018 प्राप्त गर्न बैंक सफल भएको छ यसको श्रेय सञ्चालक सदस्य, कर्मचारी र शेयरधनीहरुलाई जान्छ । सबैको आवश्यकतालाई Address गर्न लाभासंको बितरणको निति हामीले बराबर नै ल्याएका छौ । गैर बैंकिंग सम्पत्ती बिकी, तथा NPA Reserve मा नै जाने भएकाले NPA घटने कममा रहेको गैर बैंकिंग सम्पत्ती

बिक्रीबाट प्राप्त रकम नाफामा नै समावेश हुने भएकाले बैंकको प्रमुख उदेश्य भनेको लाभांस बृद्धि गर्ने नै हो ।

मानब संसाधन बैंकको मेरुदण्ड भएकाले राम्रो कर्मचारीहरुलाई Incentive बितरण गर्ने निति लिएको र तालीमको उचीत प्रबन्ध समेत गरेका छौ । बिगत बर्ष देखि System Hacking को समस्या आईरेकाले IT लाई सम्बेदनशिल तथा प्रमुख साधन मानी हामीले IT Audit गराईसकेका छौ । शेयर फ्याक्सनलाई ब्यस्थित गर्दै जानेछौ । हाईड्रोमा शेयर लगानी गर्दा सावधानी अपनाएका छौ । सञ्चालकको बैठक भत्ता तथा सुबिधाका सम्बन्धमा जसरी बजार मुल्यका आधारमा घरभाडा, कर्मचारीहरुको सुबिधा निर्धारण भई बृद्धि हुन्छ त्यसैको आधारमा भत्ता, सुबिधाको प्रस्ताव गरीएको थियो तर शेयरधनीहरुले यस सभामा दिएको सुझाव बमोजिम भत्ता परिमार्जन गरी स्वीकृतिका लागी पठाउने छौ । कर्मचारीहरुको आचरण, ब्यवहारमा देखिएका कमी कमजोरीलाई सुधार गर्दै लाने छौ । हामीले कर्मचारीको ब्यवहारका लागी बिभिन्न माध्यमले परिक्षण लिने काम समेत शुरु गरीसकेका छौ ।

मर्जर, एक्युजिसनको प्रस्ताव खुल्ला बिकल्पको रुपमा राखेका छौ । महालक्ष्मीको नाम दैबिशक्तीको नाम संग जोडिएकाले ललितपुरको लगनखेल स्थित महालक्ष्मी मन्दीरमा बैंकको तर्फबाट केहि गर्ने सोच बनाएका छौ । संस्थागत निक्षेप तथा मुद्धति निक्षेप Performance को Indicater होईन तसर्थ Saving Deposit नै कर्मचारीहरुको Performance को Indicater मानेका छौ । स्वतन्त्र सञ्चालकको नियुक्तीको पहल गरेका छौ तर ईच्छुक क्षमतावान ब्यक्तिको खोजिमा छौ । साधारण सभाको सुचना पत्रीका लगायत SMS बाट गराएका छौ । सञ्चालक समितिको बैठक आवश्यकताअनुसार नै गरेका छौ । सञ्चालक समितिले कर्जा लगानीमा ब्यवस्थापनलाई कुनै हस्तक्षेप गरेका छैनौ । यस बैंकले डलर कार्डको ब्यवस्था समेत गरेको जानकारी शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहान्छौ । करारमा रहेका अधिकंश कर्मचारीहरु पियन, डाईभर, गार्ड रहेको ब्यहोरा जानकारी गराउछु । सबै कर्मचारीहरुलाई समान ब्यवभार गरीएको छ । हाम्रो लाई भन्दा राम्रोलाई प्राथमिकता दिने निति लिएका छौ ।

कर्जा लगानी गर्दा साईट भिजिट गर्ने कर्मचारीहरुले प्रतिबेदन अनिबार्य रुपमा फाईलमा राख्ने ब्यवस्था गरेका छौ । बैंकले आफ्नै भवन होस भनने हेतुले जग्गाको खोजि गरीरहेको र उचित समयमा बैंकको भवन बनाउने छौ । बैंकले Progress गर्दै गईरहेको छ । यहाहरुको उचित सल्लाह, सुझावले आगामी दिनमा बैंकले अझै प्रगति गर्दै जानेछ भन्ने बिश्वास लिदै शेयरधनीहरुले साधारण सभामा उपस्थिति भै आफनो अमुल्य समय दिई बैंक्लाई सल्लाह, सुझाव दिएकोमा धन्यवाद दिन चाहान्छौ । सल्लाह सुझावलाई आत्मसाथ गरी अगाडि बढनेछौ । अन्तमा उपस्थित शेयरधनी महानुभाव, सञ्चालक कर्मचारी वर्ग, सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्ताव पारीत गर्न अनुरोध गर्दछु ।

## ९. छलफल तथा निर्णयहरु

### (क) सामान्य प्रस्ताव

(१) अध्यक्षज्यूको मन्तव्य सहित अठारौ वार्षिक साधारण सभा (आ.व.२०७५/७६) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा अध्यक्षज्युले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात,तथा आ.ब.२०७५/७६ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंङ्क तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा लेखापरीक्षण समितिबाट आ.व २०७६/७७ का लागी लेखापरीक्षकमा सिफारीस भएका श्री T.R Upadhya & Co Chartered Accountants लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु ९,००,०००।–(लेखापरीक्षक शूल्क, कर लेखापरीक्षण, लंगफर्म अडिट रिपोर्ट, दफा ७८ प्रमाणिकरण तथा OPE समेत) (कर बाहेक) भुक्तानी दिने सिफारीसको प्रस्तावलाई शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित रकमबाट शेयरधनीहरुलाई रु.२८,१४,५५,९११/–(अक्षरेपी अट्ठाईस करोड चौध लाख पचपन्न हजार नौ सय एघार मात्र) (बोनश शेयर र लाभांसमा लाग्ने कर प्रयोजनार्थ समेत) अर्थात हालको चुक्ता पुंजीको ९.८९४७ प्रतिशतका दरले नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

**विशेष प्रस्ताव**

(१) बैंकको संचालक समितिको निर्णय तथा ने.रा.बैंकको मिति २०७६/६/२ को स्वीकृत पत्र बमोजिम शेयर स्वामित्व परिवर्तन गरी संस्थापक समूहको ५२.४९ प्रतिशत र सर्वसाधारण समुहको ४७.५१ प्रतिशत कायम गर्ने प्रस्ताव पारित गर्ने (हाल संस्थापक शेयरधनीको स्वामीत्व ५३.९८ र सर्बसाधारण शेयरधनिको स्वामीत्व ४६.२ प्रतिशत कायम रहेको) सम्बन्धमा पेश भएको प्रस्ताव शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित रकमबाट शेयरधनीहरुलाई रु. २२,७५,६०,०९८/–(अक्षरेपी बाईस करोड पचहत्तर लाख साठी हजार अन्ठानब्बे मात्र) अर्थात चुक्ता पुँजीको ८ प्रतिशतका दरले बोनस शेयर जारी गर्ने र सो हदसम्म जारी र चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि, तथा थप गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुदा साधारण सभामा अध्यक्षको रु १५,०००।– र सञ्चालकको रु १३,०००।– बैठक भत्ताको प्रस्ताव गरीएकोमा साधारण सभाबाट अध्यक्षको रु १३,०००।– र सञ्चालकको रु ११,०००।– बैठक भत्ता कायम गर्ने गरी पुनरावलोकन गर्ने सर्बसम्मतबाट निर्णय भएकोले सोहि निर्णय बमोजिम हुने गरी र दैनिक भत्ता तथा भ्रमण खर्च लगायतका अन्य सुबिधा प्रस्ताव गरे बमोजिम हुने गरी शेयधनीहरुबाट सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

**नियम २९.सञ्चालक समितिको बैठक भत्ता र सुविधा सम्बन्धी व्यवस्था:** (ख) समितिको बैठकमा उपस्थित भए,वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ ।
(ख) (१) **बैठक भत्ता :–** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत पाउने बैठक भत्ता अध्यक्षको प्रति बैठक भत्ता रु.१३,०००।-(अक्षरेपी पन्ध हजार) (कर सहित) र अन्य सञ्चालकको प्रति बैठक भत्ता रु.११,०००।–(अक्षरेपी एघार हजार) (कर सहित) हुनेछ ।
**(२) सुबिधा :** अध्यक्ष तथा सञ्चालकलाई टेलिफोन, मोबाईल सुबिधा मासीक रु.४,०००।– (चार हजार) पत्रपत्रीका सुबिधा मासीक रु.५,०००।– (पाँच हजार) र ईन्धन खर्च मासीक रु.४०००।– (चार हजार) उपलब्ध हुनेछ ।

नियम २९. सञ्चालकको दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्थाः

(घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ :

**(अ) स्वदेश (ने.रू)** :–अध्यक्ष तथा सञ्चालकको दैनिक भत्ता १२,०००/-र पकेट खर्च सुबिधा ४,०००/-हुनेछ ।

(आ) **भारत** (भा.रू) :-अध्यक्ष तथा सञ्चालकको दैनिक भत्ता १२,०००/-र पकेट खर्च सुबिधा ४,०००/-हुनेछ ।

**(इ) सार्क देश र आसीयान देश (युएस डलर) (भारत, सिगापुर र हङकङ बाहेक)** :– अध्यक्ष तथा सञ्चालकको दैनिक भत्ता ३००/-र पकेट खर्च सुबिधा १२०/-हुनेछ ।

**(ई) उल्लेखित बाहेकका अन्य देशहरु (युएस डलर)** : अध्यक्ष तथा सञ्चालक दैनिक भत्ता ४००/- र पकेट खर्च सुबिधा १५०/- हुनेछ ।

(उ) विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानु पर्ने भएमा परिबहन खर्च, हवाई टिकट, संचार खर्च, भिषा शुल्क बिल बमोजिमको रकम हुनेछ ।

(४) शेयर स्वामित्व परिवर्तन हुने भएकाले प्रवन्धपत्रको दफा ५ (घ)(१)(२), दफा १२ र अन्य सम्वद्ध दफाहरु, वोनस शेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पुंजी बृद्धि हुने भएकोले सोहि बमोजिम प्रवन्धपत्रको दफा ५ (ख), (ग), र नियमावलीको नियम २९ (ख) को (ख) १,२,३, नियम २९ (घ) को (अ) (आ) (इ) (ई) र नियम ४३ संशोधन, थप, र परिमार्जन गर्ने सम्बन्धमा पेश भएको निम्न बमोजिमको प्रस्ताव शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो

**संशोधित प्रबन्धपत्रको दफाहरु**

**५ (ख)** विकास बैंकको जारी पूँजी रू.३,०७,२०,६१,३२८/–(अक्षरेपी तीन अरब सात करोड बिस लाख एकसठ्ठी हजार तिनसय अठ्ठाईस मात्र) हुनेछ ।सो पुँजीलाई प्रति सेयर रु.१००/दरका ३,०७,२०,६१३.२८ (तीन करोड सात लाख बीस हजार छ सय तेह्र दशमलब अठ्ठाईस मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**५(ग)** विकास बैंकको चुक्ता पूँजी रू ३,०७,२०,६१,३२८/–(अक्षरेपी तीन अरब सात करोड बीस लाख एकसठ्ठी हजार तीन सय अठ्ठाईस मात्र) हुनेछ ।

**५. (घ) बिकाश बैंकको चुक्ता पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :–**

(१) संस्थापक समुहका शेयरधनीहरुलाई समूह "क"मा बर्गीकरण गरीएको छ । यो समूहको शेयर स्वामीत्व **५२.४९** प्रतिशत हुनेछ ।

(२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीहरुलाई समूह"ख" मा बर्गीकरण गरीएको छ । यो समूहको शेयर स्वामित्व **४७.५१** प्रतिशत हुनेछ ।

**१२.संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या** : महालक्ष्मी बिकास बैंक लिमिटेड (ख बर्गको राष्ट्रियस्तरको) का हामी संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस नियमावलीमा सहीछाप गरेका छौ । **(संस्थापकहरुको नाम, शेयर कित्ता, सहितको बिबरण संलग्न बमोजिम हुनेछ । )**

(नोट : संस्थापक शेयर ५३.९८ लाई ५२.४९ प्रतिशतमा कायम गर्दा संस्थापक शेयर सर्वसाधारण परिणत हुने भई संस्थापक शेयर संख्या परिवर्तन हुने भएकाले ।

संशोधित नियमावलीको नियमहरु

२९ **सन्चालक समितिको बैठक भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** (ख) समितिको बैठकमा उपस्थित भए, वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ ।

(ख) (१) **बैठक भत्ता :–** सन्चालक समितिको बैठकमा उपस्थित भए वापत पाउने बैठक भत्ता अध्यक्षका प्रति बैठक भत्ता रु.१३,०००।-(अक्षरेपी तेह्र हजार) (कर सहित) र अन्य सन्चालकको प्रति बैठक भत्ता रु.११,०००।–(अक्षरेपी एघार हजार) (कर सहित) हुनेछ ।

(२) **सुबिधा :** अध्यक्ष तथा सन्चालकलाई टेलिफोन, मोबाईल सुबिधा मासीक रु.४,०००।– (चार हजार) पत्रपत्रीका सुबिधा मासीक रु.५,०००।– (पाँच हजार) ईन्धन खर्च सुबिधा मासीक रु.४०००।– (चार हजार) उपलब्ध गराईनेछ ।

२९ **सन्चालकको दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्था:**

(घ) विकास बैंकको कामको सिलसिलामा सन्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ ।

(अ) **स्वदेश (ने.रु)** :–अध्यक्ष तथा सन्चालकको दैनिक भत्ता १२,०००/- र पकेट खर्च सुबिधा ४,०००/- हुनेछ ।

(आ) **भारत (भा.रु)** :-अध्यक्ष तथा सन्चालकको दैनिक भत्ता १२,०००/-र पकेट खर्च सुबिधा ४,०००/-हुनेछ ।

**(इ)** **सार्क र आसीयान देश (युएस डलर) (भारत, सिगापुर र हङकङ बाहेक)** :– अध्यक्ष तथा सन्चालकको दैनिक भत्ता ३०० र पकेट खर्च सुबिधा १२० हुनेछ ।

(ई) **उल्लेखित बाहेकका अन्य देशहरु (युएस डलर)** : अध्यक्ष तथा सन्चालक दैनिक भत्ता ४०० र पकेट खर्च सुबिधा १५० हुनेछ ।

**(उ)** विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सन्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानु पर्ने भएमा परिबहन खर्च, हवाई टिकट, संचार खर्च, भिषा शुल्क, बिल बमोजिमको रकम हुनेछ ।

४३..**संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या** : (ख) बर्गको राष्ट्रिय स्तरको) का हामी संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस नियमावलीमा सहीछाप गरेका छौ । **(संस्थापकहरुको नाम, शेयर कित्ता, सहितको बिबरण संलग्न बमोजिम हुनेछ । )**

(नोट : संस्थापक शेयर ५३.९८ लाई ५२.४९ प्रतिशतमा कायम गर्दा संस्थापक शेयरसर्बसाधारण परिणत हुने भई संस्थापक शेयर संख्या परिवर्तन हुने भएकाले ।

(५) यस महालक्ष्मी बिकास बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने,सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition /Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(६) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित

गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताब सर्बसम्मत बाट पारीत गर्ने निर्णय गरीयो ।

(७) विविध :

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभाबहरुले सभामा सक्रिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्बन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनू भएकोमा वहाहरू प्रति आभार प्रकट गर्दै सभामा उपस्थित हुनु भएका सञ्चालक, बैंक व्यवस्थापन, कर्मचारीहरु, आफ्नो अमुल्य समय दिई उपस्थित हुनु हुने शेयरधनी महानुभावहरू लगायत नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि. तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षकलाई हार्दिक धन्यबाद दिनुभयो ।

| | |
|---|---|
| ................... | ................... |
| सोमराज पन्त | राजेश उपाध्याय |
| कम्पनि सचिब | अध्यक्ष |